यिनीहरूका आस्थाहरूका प्रमुख स्रोत र आधारहरू हुन्:

१- (old Testament र New Testament) जसलाई बाइबल भनिन्छ ।

२- फलसफाहरू ।

३- प्राचीन संस्कृतिहरू जसरी प्राचीन मिश्री संस्कृतिहरू, युनानी संस्कृतिहरू, भारतीय संस्कृतिहरू र यसबाहेक केही निर्देशनहरू जुन उनीहरूका असकफ अर्थात धर्मगुरुहरूको र ऋषि मुनिहरूले भनेका छन् । (दायरतुल् मआरिफुल् इस्लामीया, किस्सतुल् कनीसतुल् किब्तीया लेखक: एजस हबीब, मा हियन्नसरानीया लेखक: मुहम्मद तकी उसमानी अल् मौसूअतुल् मुयस्सरह लिश्शबाबिल् इस्लामी, मलफुल् कनीसतुल् मिश्रीया लेखक: महमूद मोरो)

## काथुलिक:

काथुलिक शब्दको प्रयोग सर्वप्रथम दोस्रो शताब्दीमा अगानतियुस् नामक अस्कफ (धर्मगुरु) ले गरे जुन पछि आएर ईसाईको सबैभन्दा ठूलो समूहमा परिवर्तित भयो जसको सबै भन्दा ठूलो कनीसा रोममा अवस्थित छ । यस समूहको दावी छ कि यस कनीसालाई बतरस रसूलले २४८ ई. मा स्थापित गरेका हुन् । जबकि इतिहासले संकेत गर्छ कि वास्तवमा यस कनीसालाई बुलस र बतरस दुवैले मिलेर स्थापित गरेका हुन् ।




यस कनीसामा विगतदेखि आजसम्म ईसाईहरूकै अधिपत्य कायम छ । सन् ४१० ई. पश्चात केही समयको लागि अरि-सियुईनको अधिपत्य कायम भएको थियो तर फेरि ४९६ ई. मा काथुलिकहरूको अधिपत्यको आरम्भ भयो र सन् ५९० ई. मा यिनीहरूको वर्चस्व पूर्णरूपले कायम भयो । ५९० ई. देखि ८४० ई. को अवधिमा ईसाई धर्ममा धेरै विभाजन भयो र एक ग्रुप आर्कोसँग युद्धरत रह्यो । सन् ५७१ ई. मा अन्तिम सन्देष्टा मुहम्मद (सल्लल्लाहो अलैहिवसल्लम) को जन्म भए पश्चात ४० वर्षको उमरेमा उहाँलाई दूतत्व प्रदान गरियो । जसद्वारा बिग्रिएका ईसाई, यहूदी र अन्य धर्महरुलाई पूर्णरुपमा सुधार गरी सदा सदाको लागि धर्मलाई पूर्णता दिइयो । जसलाई अरबी भाषामा इस्लाम (अल्लाहको आज्ञापालन) भनिन्छ । यो यसको नामाकरण पनि अल्लाहले नै गरेकोले यही नामबाट सत्य धर्मको प्रकाश पूर्ण विश्वमा फैलियो र धेरै ईसाईहरूले इस्लाम कबूल गरे जसले गर्दा ईसाई धर्म समयको साथ सिमित हुँदै गयो ।

८०० ई. देखि १५२१ ई. सम्म ईसाईहरू आपसमा नै युद्धरत रहे । जब १४५३ ई. मा मुसलमानहरूले रोम र कुस्तुनतुनियालाई पराजित गरी विजय प्राप्त गरे तब विशे-षरूपले काथुलिकहरूको र सामान्यरूपले ईसाई धर्मको जोर बिल्कुलै कम भयो । जब ईसाईहरूले अर्थात कनीसाहरूले विद्वानहरू र वैज्ञानिकहरूको अनाहक हत्या गर्नतर्फ लागे

मुआसेरह लेखक: जुमआ खौली, मा हियन्नसरानीया लेखक: मुहम्मद तकी उसमानी अल् मौसूअतुल् मुयस्सरह लिश्शबाबिल् इस्लामी, मफाहीमुल् हुर्रिया वतत्बीकातुहा लेखक: अब्दुल् अजीज अल् हुमैदी, अल् मसिहियह लेखक: अहमद शिलबी)

## प्रोटेस्टेन्ट:

यो ईसाईहरूको तेस्रो ठूलो समूह हो । यस समूहका ईसाईहरुले इन्जीलको साथ साथै बुद्धि र विवेकमा पनि विश्वास राख्दछन् र भन्छन् कि पवित्र ग्रन्थहरूलाई असकफ र पादरीहरूले मात्रै बुझ्दैनन्, बरु सबै मानिसहरू त्यसलाई बुझ्नमा सक्षम छन् । यो ग्रन्थ धर्म गुरुहरूको लागि मात्र अवतरित नभइ सबैको लागि अवतरित भएको हो ।

यो समूह काथुलिक समूहबाट टुक्रिएर निस्केको हो । सोह्रौं शताब्दीमा यो समूह काथुलिक समूहबाट पूर्णतया विभाजित भएको थियो । यस समूहको सबैभन्दा ख्याति प्राप्त संस्थापकहरूमध्ये मारतन् लोथर हो । जो १४८३ ई. मा अल्मानियामा जन्मेको थियो र सन् १५०५ ई. मा यसले यसमोरत विश्वविद्यालयबाट कानून र लाहूती विद्याको अध्ययन पूर्ण गऱ्यो । १५०६ ई. मा पादरीको पदमा खटाइयो। यसले ईसाईहरूको गलत कामको विरोध गऱ्यो र जे-जति पादरीहरू र अस्कफहरू अश्लीलता र निर्लज्जताका कार्यहरू गरिरहेका थिए तिनको विरोधको साथै त्यसता कार्यलाई अवैध पनि ठहर गऱ्यो तर त्यसको यस कार्यबाट कुनै लाभ नभएको कारण अल्मानीया फिर्ता आयो।





अनि यस मान्छेमा केही धर्मपरायणता र सदाचारिता देखेर मानिसहरू यसको अनुयायी बन्नथाले । यहींबाट प्रोटेस्टेन्ट समूहको वास्तविक स्थापना भयो । यिनीहरूको उद्देश्य यो थियो कि बाबाहरू, अस्कफ, पादरीहरू र उच्चवर्गका ईसाईहरू जुन अत्याचार र कुकर्म गरिरहेका छन् तिनलाई रोकुन् । तर यिनीहरूले सशक्त मानिसहरूको विरुद्ध अन्दोलन गरेकोले सबै सशक्त मानिसहरूले पनि यिनीहरूको अन्दोलनलाई नष्ट पार्ने प्रयासमा जुटे । १५४६ ई. मा लोथरको निधन भयो, तर त्यसले आफू पछाडि कैयौं लेख छाडेर गयो जसलेगर्दा यो अन्दोलन समाप्त भएन । अनि यसै आमन्त्रणलाई अल्रोखद होलदरेख जुवेनजलीले पनि अगाडि बढायो, तर यस मान्छेलाई त्यो कष्ट भोग्नु परेन जुन लोथरलाई भोग्नु परेको थियो, किनकि सर-कारले पनि यसलाई साथ दियो । अनि यसै आमन्त्रणलाई जोरन कोलफनले पनि प्रचार गर्नथाल्यो, त त्यसलाई पनि कष्ट भोग्नु पऱ्यो । तर १५३५ ई. मा प्रोटेस्टेन्ट र काथोलिक बीच सहमति भयो र यिनीहरूलाई तीनवटा कनीसा प्रदान गरियो । कलफनले पनि लोथर झैं धेरै पुस्तकहरू लेखेर छोड्यो । पछि आएर प्रोटेस्टेन्ट एउटा ठूलो समूह भयो र समस्त फ्रान्समा यसैको अधिपत्य कायम भयो । दोस्रो विश्वयुद्धसम्म यो समूह डेनमार्क, स्वीजरलैन्ड, आर्डसलैन्ड, फिनलैन्ड....... आदिमा फैलियो ।

